# उखडा

(भूमिअधिकारबारे पढ्ने सामग्री - १०)



- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

## के हो उखडा जमिन ?

जमिनदारले मन लागेका बेला जोताहाबाट हक खोस्न सक्ने जमिनलाई उखडा जग्गा भनिन्छ । यस्तो जग्गा नगदी वा जिन्सी जमिन्दारलाई बुझाउने गरी किसानले चलन गरेको हुन्छ । जग्गाको स्वामित्व जमिन्दारकै नाममा हुने भएकाले यसमा किसानको कुनै हक हुँदैन । त्यसैले यस्तो जग्गा कमाउनेले जति वर्षदेखि भोगचलन गरे पनि जमिन्दारले चाहेको बेला छाड्नैपर्ने बाध्यता छ ।

विशेषगरी रुपन्देही, नवलपरासी र कपिलवस्तुमा यस्तो जग्गा कमाउने परिवार धेरै छन् । यी तीन जिल्लामा गरी उखडा जमिन चलन गर्नेको संख्या करिब ५ हजार परिवार छ । स्वामित्वका लागि रुपन्देहीमा २१ सय परिवार, कपिलवस्तुमा ३ सय परिवार र नवलपरासीमा १५० परिवारले निवेदन दिए पनि अहिलेसम्म यस्तो जमिन आफ्नो नाममा गराउन सकेका छैनन् । कतिपयले त निवेदन दिनसमेत सकेका छैनन् ।

यस्तो जमिन कमाउन लिएवापत जोताहाले आर्थिक तथा सामाजिक क्षति बेहोर्नुपरिरहेको छ । जमिनदारकहाँ गएर निशुल्क काम गरिदिनुपर्ने, उनीहरुले भनेका बेला जे पनि मान्नुपर्ने, आफ्नो खेती बिताएर भए पनि उनीहरुको पहिले गरिदिनुपर्ने जस्ता विविध कार्य गर्न जोताहा किसान बाध्य छन् । नत्र जमिन कमाउन नदिने उनीहरुको धम्कीले किसानहरुले चूपचाप यस्तो अमानवीय कार्य सहनु परिरहेको छ ।

## उखडा जमिनमा समस्या कसरी आयो ?

उखडासम्बन्धी ऐन २०२१ सालमा जारी भएको हो । यो ऐन जारी हुनुअघि जमिनदारका नाममा धेरै ठाउँमा धेरै जग्गा हुन्थे । यस्तो अवस्थामा जमिन्दारले सबै जमिन आफैंले भोगचलन गर्न सक्दैनथे । यसरी चलन



गर्न नसकेपछि जमिन बाँझै रहन्थ्यो र बाँझै रहेपछि त्यसको मालपोत बुझाउने कुरै हुँदैनथ्यो । मालपोत नबुझाएपछि सरकारले जमिन लिलाम गरिदिन्थ्यो । त्यसताका सरकारको प्रमुख आयस्रोत मालपोत हुन्थ्यो ।

यस्तो अवस्थामा जग्गा लिलाम हुनबाट बचाउन जमिन्दारहरुले नयाँ सोच निकाले । जसअनुसार उनीहरुले नेपाली वा भारतीय नागरिकलाई नगदी पोत लिनेगरी जमिन कमाउन दिन थाले । खासगरी उनीहरुले आफूले चिनेका र नातेदारलाई यसरी जमिन कमाउन दिन थाले ।

समय बित्दै जाँदा जमिनको भाउ वृद्धि हुँदै गयो । उन्नत बीउ, मलखाद



आदिको प्रयोगले उत्पादन पनि बढ्दै गयो । त्यसपछि यस्तो जमिन जमिनदार आफैंले फिर्ता लिन चाहे । कतिपयलाई कम उब्जनी हुने जमिन कमाउन दिएर यस्तो जग्गा छाडिदिन दबाव पनि दिन थाले । तर वर्षौंदेखि त्यसैमा जीविका चलाउँदै आएका किसानले जग्गा छाड्ने कुरै थिएन । यही जग्गामा आश्रित सिंगो परिवारको विचल्ली हुने भएकाले उखडा कमाउने किसानले त्यो जमिनबाट हट्न केही गरे पनि चाहेनन् । जमिनदार हटाउन चाहने तर किसान हट्न नचाहने बरु मर्न तयार हुने भएपछि उखडा जमिन कमाउन दिने र लिनेबीच विवाद शुरु भएको हो ।

## विवाद के हुँदैछ ?

सरकारले पनि यो विवाद राम्रोसँग बुझेको छ । त्यसैले उखडा जमिनसम्बन्धी विवाद हटाउन २०२१ सालमै सरकारबाट उखडासम्बन्धी ऐन पनि ल्याइयो । जुन ऐनले यस्तो जमिन जमिनदारको नभई कमाउनेकै नाममा दर्ता गर्ने व्यवस्था गरेको छ । तर अचम्म के छ भने उखडा जमिन कमाउनेकै नाममा दर्ता गर्ने ऐन बनेको ४० वर्ष नाघे पनि अझै करिब ५ हजार परिवार भने उखडा जमिन समस्या नसुल्झिएकै कारण आजसम्म त्रसित छन् । जमिनदारले कुन बेला जग्गा हडप्ने हो र आफूहरु 'धोती न टोपी' को तालमा पुर्ख्यौली थलो छाड्नुपर्ने हो भन्ने चिन्ताले उनीहरुलाई निकै सताएको छ ।

### ठालुको रवाफ

*कपिलवस्तुको गोटिहवा गाविस, वार्ड नं. २ बस्ने शिवपुजन गिरीले बल्लबल्ल १ विघा १७ कट्ठा उखडा जमिन आफ्नो नाममा गराउन सकेका छन् । उनीसँग त्यो जमिन आफ्नो भएको सबै प्रमाण पनि छ । तर जमिनदारले धम्क्याएका कारण उनले त्यो जमिन चलन गर्न सकेका छैनन् ।*

उखडा नीतिअनुरुप कार्य गर्न भनेर २०२१ सालमै विशेष अदालत पनि सरकारले गठन गरेको थियो । यो अदालत २०४२ सालसम्म कायम रह्यो र त्यसपछि विघटन भयो । तर अदालत विघटन भए पनि समस्या भने टुंगिएन । हुन त यो अदालतले धेरैको मुद्दा टुंग्यायो र कमाउनेलाई नै हक पनि दिलायो तर समस्याको पूरै निदान भने गर्न सकेन ।

विशेष अदालत विघटन भइसकेपछि उखडा जग्गा पीडित किसानको पीडा यथावत् नै रह्यो तर सरकारले यसमा केही गर्नु आवश्यक ठानेन । तर अदालत विघटनको २ दशकपछि बल्ल २०६० साल मंसिर १ सरकारी तवरबाट एउटा निर्णय बाहिर आयो । जसअनुसार उखडासम्बन्धी ऐन २०२१ अनुसार उखडा जमिन कमाउनेकै नाममा दर्ता गर्न समिति गठन गरिने भयो । यो ऐनको दफा ३ मा किसानले जग्गाधनीलाई पोत बुझाउने गरी कमाइरहेको उखडा जग्गामा जमिनदारको हक समाप्त भई किसानकै नाममा दर्ता हुने व्यवस्था छ ।



समस्या बढी भएका कपिलवस्तु, रुपन्देही र नवलपरासी हेर्ने गरी एउटा उखडा कार्यालय पनि गठन भयो । एक वर्षअघि गठित यो समितिले पनि विविध कारणले समस्या टुंगो लगाउन सकेको छैन । विशेष अदालतमा मुद्दा दर्ता गरी जित्न सफल करिब ३ सयको पुनः निवेदन मागेर यो समितिले त्यो निर्णय कार्यान्वयन गराउने अधिकार पनि पाएको छ । तर पनि पर्याप्त कर्मचारी नहुन, निश्चित समयावधि तोकिनु आदि जस्ता कारणले यो कार्यालयले उल्लेख्यरुपले काम गर्न सकेको छैन । एक वर्षको अवधिमा जम्मा एक जनालाई मात्र जमिनमाथि स्वामित्व दिलाउनुले यो समिति कसरी काम गरिरहेको छ भन्ने बुझ्न सकिन्छ ।

सरकारी तवरबाट उखडा जमिनसम्बन्धी विवरण भर्न टोली पनि खटाइएको थियो । त्यतिबेला जमिनदारहरु आफैंले विवरण भरिदिएकाले कयौं विवरणमा जोताहाको नाम नहुने, भए पनि कम जमिन उल्लेख हुने जस्ता विविध कारणले पनि समस्या थपिएका छन् । जुन कुरा सोझा र जमिनदारमाथि विश्वास गर्दै आएका जोताहा किसानलाई थाहा नै भएन । अहिले आएर यसरी विवरण भर्ने जमिनदार र जोताहा किसान दुवै थोरै मात्रामा मात्र जीवित रहेकाले यथार्थ कुरा बाहिर आउन पनि समस्या परेको छ ।

यस्तो विवरण लिने कार्य कपिलवस्तुमा मात्र भयो । ताकि समस्या अन्यत्र पनि थियो । १५-१६ ठाउँमा अस्थायी कार्यालय खोली विवरण भर्ने कार्य भए पनि जोताहाले भरेको विवरणलाई जमिनदारले नमान्ने र त्यसको विरुद्धमा लाग्ने कार्य पनि गरे । उनीहरु यस्तो जमिनमाथि जोताहाको स्वामित्व कुनै पनि हालतमा स्वीकार्ने पक्षमा थिएनन् । त्यसले पनि विवाद चर्काउन मद्दत गर्‍यो । अहिले पनि थुप्रै जग्गावाल र जोताहाबीचको मुद्दा किनारा लाग्न सकेको छैन ।

जमिनदारहरुले नै वास्तविक जोताहालाई जमिन नदिलाउनका लागि काल्पनिक नाममा हक दाबी गर्ने, मुद्दा हाल्ने आदि षडयन्त्रसमेत गर्दै आएका छन् । यसले पनि वास्तविक जोताहालाई आफ्नो स्वामित्व प्राप्त गर्न कठिनाइ हुँदै आएको छ ।

## नागरिकताको भाँजो

मुलुकको प्रधानमन्त्री हुनसमेत अंगिकृत नागरिकता बाधक हुँदैन । तर उखडा जमिन दर्ता गराउने सवालमा अंगिकृत नागरिकता प्राप्त गरेको

व्यक्तिलाई नदिने निर्णय गरेर सरकारले सोझै कानून विपरित निर्णय गरेको छ। यस्तो नागरिकताका आधारमा कुनै पनि क्षेत्र र स्थानमा भेदभाव गर्ने व्यवस्था नेपालका कुनै पनि कानूनमा छैनन्। त्यसैले एकातर्फ उखडा जमिन जोतवालाकै नाममा दर्ता गर्न समिति गठन गर्ने र अर्कोतिर नागरिकताको भाँजो हाल्ने कार्यले सरकार फेरि पनि यो समस्याप्रति गम्भीर छैन भन्ने प्रष्ट्याउँछ।



हाम्रो भौगोलिक तथा सांस्कृतिक समताका कारण तराइका धेरै बासिन्दाको सीमावर्ती भारतीयसँग नाता-सम्बन्ध छ। कयौं भारतीय यता र कयौं नेपाली उता बसोबास गर्नु सामान्य ठानिन्छ। यस्तो अवस्थामा धेरै तराइबासीलाई अन्य नेपालीझैं वंशजको नागरिकता नदिइएर अंगिकृत नागरिकता प्रदान गरिएको छ। यस्तो वास्तविकता नबुझी नागरिकताको प्रकारका आधारमा जमिनमाथिको स्वामित्वबाटै वञ्चित गराइनु राज्यले



आफ्नै नागरिकमाथि सरासर गरेको पक्षपात हो भन्न सकिन्छ।

अर्कोतर्फ विशेष अदालत हुँदासम्मको अवधिमा विभिन्न प्रमाण नपुगेर वा अन्य कारणले निवेदन दर्ता गराउन नसकेका परिवारलाई यो नयाँ समितिले हेर्न नसक्ने सीमा पनि सरकारले तोकिदिएको छ। त्यसैले जुन कारणले यस्तो अदालतसामु उनीहरु पुग्न सकेका थिएनन्, तिनीहरुको कारण अहिले पनि यथावत् रहेकाले उनीहरुको समस्या सुल्झने कुनै उपाय देखिएको छैन।

### अन्यायमा जोताहा नै

*दोहनी गाविस-७ का सादु कोरीले गौरी गाविस बस्ने मरेमा मुसलमानको नाममा भएको उखडा कमाउँदै आएका थिए। १ विघा १ कठ्ठा उक्त जमिनको मोही सादु नै हुन। तर केही समयदेखि साहूले जबर्जस्ती धम्क्याएर जमिन नै जोत्न नदिएपछि सादु अन्यायमा परेका छन्।*

### जानकारी अभाव

सरकारले नयाँ निर्णयद्वारा उखडा समस्या समाधान गर्न समिति गठन गरे पनि यसको जानकारी पीडितसम्म पुग्न सकेको छैन। एकातर्फ जग्गाधनी र जोताहाबीच जग्गा कमाउने सम्बन्धमा गरिएको कबुलियतनामा नभएर किसानले हक दाबी गर्न नपाएको अवस्था छ भने अर्कोतर्फ यस्तो अवस्थामा के गर्ने भन्ने अन्यौल उनीहरुबीच छ। जग्गाधनीले कबुलियतनामा नै नगर्ने र गरेको भए पनि त्यस्तो पत्रको एक प्रति उनीहरुलाई नदिने गरेकाले पनि समस्या देखिएको छ।

कबुलियतनामा गरेकै भए पनि कबुलियत गर्ने दुवै पक्ष अहिले एकदमै कम मात्र जीवित छन्। उनीहरुका छोरा नाति अहिले उक्त जमिनको हकदार भएका छन्। यस्तो अवस्थामा कबुलियतनामा जस्ता पुराना कागजात भेट्टाइने सम्भावना अत्यन्त कम हुन्छ। र, उखडा पीडितले हक दाबी गर्न नसकेको कारण पनि यस्तै कागजपत्रको अभाव हो।

वास्तविकता यस्तो छ र यसलाई सरकारी पदाधिकारीले पनि राम्रोसँग बुझेका छन्। तर उनीहरु अहिलेसम्म किसानसँग यही प्रमाण माग गरिरहेका छन्, जुन अहिले त के, अबको सयौं वर्षपछि पनि किसानले पेश गर्न सम्भव हुँदैन। यस्तो अवस्थामा के गर्नुपर्छ र कसरी हक दाबी हुन

सक्छ भन्ने जानकारी दिने संयन्त्र सरकारले विकसित गर्न सकेको छैन । यही कारण उखडा पीडित किसान अझै त्रासमा बाँच्न विवश छन् ।

अर्कोतर्फ जग्गा जोतभोग गरेवापत सरकारलाई क्षतिपूर्ति बुझाउनुपर्ने नियम पनि अघि सारिएको छ । तर दरिद्र किसानले यसरी क्षतिपूर्ति दिएर जमिन आफ्नो गराउन सक्ने अवस्था छैन ।

## समाधानतर्फको एउटा प्रयास

अहिले रुपन्देही र कपिलवस्तुका उखडा जमिन पीडित किसानहरुको एउटा समूह निर्माण भएको छ । उखडा पीडित किसान समूह नाम दिइएको यो समितिले समस्या समाधानका लागि सरकारी तथा गैरसरकारी संघ/संस्थाको सहयोगमा सम्बन्धित निकायलाई दबाव दिने प्रयास थालेको छ । जिल्लास्तरका कार्यालयदेखि मुलुकको शासनभार सम्हाल्ने प्रमुख केन्द्र सिंहदरबारसम्म उनीहरुले आफ्नो समस्या फिँजाइसकेका छन् । त्यसैले यो समूह समस्यालाई प्रकाशमा ल्याउने महत्वपूर्ण काम गर्न सफल भएको छ ।

तर दुई जिल्लाका पनि सबै पीडित किसानलाई यसले आफूभित्र समेट्न सकेको छैन । नवलपरासीका पीडित किसान त परै जाओस् । त्यसैले पीडित सबैलाई समेट्ने र समस्या समाधानका लागि जागरुक बनाउने हो भने यो समूह निकै प्रभावकारी भूमिका निर्वाह गर्न सक्षम हुन सक्छ । किनकि पीडितहरुकै जनसंगठन दबावका लागि सबैभन्दा बलियो हतियार सावित हुन सक्छ ।

## समस्या सुल्झने बाटो

१) सरकारद्वारा २०६० मंसिर १ गते गठित उखडा जमिनसम्बन्धी समितिलाई पर्याप्त बजेट र कर्मचारीसहित सक्रिय बनाउनुपर्छ । ताकि जोतभोगका आधारमा नयाँ लागत लिन सकोस् र त्यही अनुसार जमिन दर्ता गरिदिन सकोस् । यो समस्यासम्बन्धी जोताहाको पक्षमा निर्णय दिन यो समितिलाई पूर्ण अधिकार प्रदान गरिनुपर्छ । यसका लागि पुराना निवेदन, प्रमाण आदिलाई बाधक बनाइनु हुँदैन ।

२) जमिनको स्वामित्व प्राप्तिमा नागरिकतालाई बाधक बनाउनु हुँदैन । कुनै पनि कानूनसँग मेल नखाने यो प्रावधान कुनै व्यक्ति/विशेषको स्वार्थप्रेरित छ, त्यसैले यो गैरकानूनी तथा अव्यवहारिक प्रावधान



तत्काल खारेज गर्नु जरुरी छ । नागरिकता प्राप्त गर्न नसकेका किसानलाई सहज किसिमले नागरिकता पाउने वातावरण सिर्जना गर्नुपर्छ ।

३) अर्काको जमिन कमाउने भनेका किसान प्रायः गरीब नै हुन्छन् । त्यसमाथि पनि धेरै वर्षदेखिको वक्यौता बाँकी रहेकाले यस्तो जमिनमाथि स्वामित्व कायम गर्न लाग्ने रकम धेरै पुगेको हुन्छ, जुन उनीहरु तिर्न सक्ने हैसियत राख्दैनन् । त्यसैले बाँकी वक्यौता मिनाहा गरेर राज्यले सामाजिक न्यायको सिद्धान्तलाई व्यवहारमा परिणत गराउने उदारता देखाउन सक्नुपर्छ ।

४) यी सबै कार्यका लागि उखडा समस्या समिति मात्र हैन, जिल्लास्थित भूमिसुधार, मालपोत, नापी तथा नागरिकता प्रदान गर्ने जिल्ला प्रशासन कार्यालयसमेतलाई विशेष परिपत्र तथा निर्देशन तत्काल दिनुपर्छ ।

५) समिति सक्रिय रहेका बेला पीडितहरुलाई आफूले कमाइआएको जमिनमाथि दाबी गर्न जानकारी दिने उद्देश्यले पीडित क्षेत्रभर सूचना पुऱ्याउने व्यवस्था मिलाउनुपर्छ ।

## उखडा जमिन सर्जमिनका आधारमा दर्ता गरियोस् ।

नेपालमा व्यवस्थितरूपमा भूमिसुधार कार्यक्रम लागू भएको ४२ वर्ष बितेको छ । तर पनि भूमिसँग जोडिएका दर्जनौ समस्या अहिले पनि जस्ताका तस्तै छन् । हदबन्दी लागू भएको छैन, बनेका कानून लागू भएका छैनन्, यस्तो अवस्थाबाट यही मुलुकमा बसोबास गर्ने लाखौं जनताले भूमिअधिकारबाट वञ्चित भइरहनुपरेको छ ।

यस्तो अवस्थाबीच एक दशकदेखि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र भूमिअधिकारको सवालमा कार्यरत् छ । यही क्रममा भूमिसम्बन्धी पढ्ने सामग्रीको अभाव सर्वत्र महसुस हुन पुग्यो । त्यसैले भूमिसम्बन्धमा चासो राख्नेहरूका लागि उपयोगी हुन सकोस् भनेर यो सामग्री तयार पारिएको छ ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
**पो.ब.नं. १९७९०, काठमाडौं, नेपाल, फोन : ९७७-१-४३६०४८६**
E-mail: landrights@csrcnepal.org
Website: www.csrcnepal.org